बैठक नं :१

मिति :२०७८/०४/२४ गते

समयः दिनको ११:०० बजे ।

स्थानः गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली ।

आज मिति २०७८।०४।२४ गते बिहिबार दिनको ११.०० बजे गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री पुष्प बहादुर कार्की ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थितीः

| | | |
|---|---|---|
| १ | श्री पुष्प बहादुर कार्की | गाउँपालिका अध्यक्ष |
| २ | श्री गंगादेवी श्रेष्ठ | गाउँपालिका उपाध्यक्ष |
| ३ | श्री दौलत कार्की | गाउँपालिका प्रबक्ता |
| ४ | श्री मिन बहादुर सुनुवार | कार्यपालिका सदस्य |
| ५ | श्री पुष्कर राज वराल | कार्यपालिका सदस्य |
| ६ | श्री बेग बहादुर मगर | कार्यपालिका सदस्य |
| ७ | श्री बुद्धि बहादुर पाल्पाली | कार्यपालिका सदस्य |
| ८ | श्री पुरुषोत्तम श्रेष्ठ | कार्यपालिका सदस्य |
| ९ | श्री रोम बहादुर देबकोटा | कार्यपालिका सदस्य |
| १० | श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| | श्री कुमारीमाया मगर | कार्यपालिका सदस्य |
| १२ | श्री सावित्रा तमाङ | कार्यपालिका सदस्य |
| १३ | श्री जमुना कोईराला | कार्यपालिका सदस्य |
| १४ | श्री रण बहादुर सार्की | कार्यपालिका सदस्य |
| १५ | श्री ईन्द्र कुमारी हायु | कार्यपालिका सदस्य |
| १६ | श्री प्रेम बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थितिः

श्री सेवक विक्रम राई लेखा अधिकृत

श्री तिर्थ कुमार भण्डारी – नायव सुब्बा

श्री सुविर विक्रम कार्की - सूचना प्रविधि अधिकृत

## बैठकका प्रस्तावहरु:

प्रस्ताव नं १ उद्योग ग्राम स्थापना सम्बन्धमा।

प्रस्ताव नं २ गाउँपालिका भवन विस्तृत परियोजना प्रतिवेदन स्वीकृती सम्बन्धमा ।

प्रस्ताव नं ३ नेपाल दुरसञ्चार प्राधिकरणको ईन्टरनेट कनेक्शनको लागि विस्तृत परियोजना प्रतिवेदन सम्न्धमा ।

प्रस्ताव नं ४ नेपाल दुरसञ्चार प्राधिकरणको ईन्टरनेट जडान कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

प्रस्ताव नं ५ आ.व. २०७८/०७९ को स्थानीय ज्याला दर रेट स्वीकृती सम्बन्धमा ।

प्रस्ताव नं ६ गोलन्जोर गाउँपालिकाको उपभोक्ता समिति गठन सम्बन्धी कार्यविधि २०७८ (प्रथम संसोधन) स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं ७ आ.व. २०७८/०७९ को वजेट, योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं ८ आ.व. २०७८/०७९ को कार्यक्रम सँचालन गर्दा विभिन्न दर/ सिमा निर्धारण स्वीकृती सम्बन्धमा ।

प्रस्ताव नं ९ नियमित वैठक सम्बन्धमा ।

प्रस्ताव नं १० आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं ११ विभिन्न सामुदायिक विद्यालयहरुमा शिक्षक व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं १२ : शिक्षक सहयोग अनुदान व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं १३ : गोलन्जोर गाउँपालिका अन्तर्गत वडा नं ५ को भक्तिराम सडक डि.पि.आर. सम्बन्धमा ।

प्रस्ताव नं १४: खर्च अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं १५: स्थायी वडा सचिव व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं १६: वस्ती स्थानान्तरण समवन्धमा ।

प्रस्ताव नं १७: गाउँपालिकाको आन्तरिक आय बढाउन सम्पुर्ण वडाहरुमा सम्पति कर लगाउन सफ्टवेयर प्रयोग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं १८: राहत दरवन्दि कायम गरी अङ्ग्रेजी शिक्षक व्यवस्था गर्ने सम्बन्धमा ।

प्रस्ताव नं १९: कोभिड- १९ रोकथाम, न्युनिकरण तथा रोकथाम सम्बन्धमा ।

प्रस्ताव नं २०: प्राविधिक तर्फका कर्मचारी दरवन्दी तेरिज अनुसार वडाहरुमा व्यवस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं २१: ग्वालटारको रिङ्गरोड डि.पि.आर सम्बन्धमा ।

प्र नं २२ निर्माण व्यवसाय सम्बन्धमा।

मुना २०७८

## निर्णयहरू:

निर्णय नं १ माथी छलफल गर्दा यस गाउँपालिकाको वडा नं ०६ बेशिश्वरको वलेनी रहेको कि नं ४५ क्षेत्रफल ४० रोपनीमा सरकारी पर्ति खाली चउँरमा पुर्व सम्भाव्यता अध्ययन (Pre-feasibility study) प्रतिवेदनको आधारमा औद्योगिम ग्राम घोषणा प्रक्रिया अगाडी बढाउनका लागि यस गोलन्जोर गाउँपालिका अन्तर्गत अमिन प्राविधिक शाखामा कार्यरत अमिनहरुलाई जग्गा नापजाँच गराउने र तत् पश्चात औद्योगिक ग्राम स्थापना गर्न सहमतीपत्र चारकिल्ला सहित जग्गाको विवरण तथा औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धि कार्यविधि २०७५ले निर्धारण गरेको कागजात समेत संलग्न गरि प्रदेशमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र केन्द्रमा उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालयमा औद्योगिक ग्राम घोषणा गर्ने प्रक्रिया अगाडी बढाउन सिफारिस तथा समन्वयको लागि कागजात सहित पत्र पठाउने निर्णय गरियो ।

निर्णय नं २ माथि छलफल गर्दा यस गोलन्जोर गाउँपालिका, गाउँ कार्यापालिका ग्वालटार सिन्धुलीको आफ्नै पूर्वाधारको अभावका कारण दैनिक प्रशासनिक सेवा प्रवाह, कर्मचारी व्यवस्थापन तथा संस्थागत विकासमा समस्या भएकोले यस गाउँपालिकाको वडा नं ३ को ३/ ग कित्ता नं ३६५, ३५५,२०३, ३५३, ३५१, ३५७ र ३६१ र गा.पा.ले चर्चेको गरी जम्मा १० रोपनी जग्गा भित्र भवन निर्माण भएमा कार्यालय व्यवस्थापन र सेवा प्रवाहमा सहज हुने हुँदा सो जग्गामा गाउँपालिका भवन विस्तृत परियोजना प्रतिवेदन (DPR) आज बसेको बैठकबाट स्वीकृत गरी सम्वन्धित निकायमा गाउँपालिका भवन निर्माणको लागि रकम माग गर्ने सम्बन्धमा यस गाउँपालिकाबाट तपसिलका सदस्यहरु रहने गरी एक समिति गठन गरी पठाउन अख्तियारी दिने गरी निर्णय गरियो ।

- तपसिल:
- गाउँपालिका अध्यक्ष- संयोजक
- गाउँपालिका प्रवक्ता- सदस्य
- सामाजिक विकास समिति संयोजक -सदस्य

निर्णय नं ३ : नेपाल दुरसञ्चार प्राधिकरण कमलादी काठमाण्डौ र यस गोलन्जोर गाउँपालिका, ग्वालटार सिन्धुली विच मिति २०७८/०२/१३ गते समझदारी-पत्रमा हस्ताक्षर गरी भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरूका सबै स्थानिय तहको कार्यालयहरू, वडा कार्यालयहरू, सामुदायिक माध्यमिक विद्यालयहरू, सामुदायिक स्वास्थ्य संस्थाहरूमा क्षमाता अभिवृद्धि गर्न तथा सामुदायिक आधारभूत विद्यालयहरूमा कम्तिमा २० एमबिपिएस क्षमताको नन्-डेडिकेटेड ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान गरी असिकल फाईवर केवल, ओएन्यु एण्ड राउटर डिभाईजेस र २ वर्ष सम्म महशुल बापतको रकम सम्वन्धित निकायले खर्च व्यहोर्ने गरी उक्त कार्यक्रम कार्यान्वयन प्रयोजनार्थ सर्भे, डिजाईन एण्ड म्यापिङ्ग, गुगल लोकेशन प्लट, लागत अनुमान, खरिद प्रक्रिया अघि बढाउन ईन्टरनेट कनेक्टिभिटि विस्तृत परियोजना प्रतिवेदन (DPR) को लागि पूर्वाधार विकास तर्फको पुँजिगत शिर्षक कार्यक्रमको शिर्षकबाट व्ययभार हुने गरी रु. ६०००००।-(अक्षेरपी छ लाख रुपैया मात्र) विनियोजन गरी डि.पि.आर. तयार गर्ने निर्णय गरियो ।

निर्णय नं ४: नेपाल दुरसञ्चार प्राधिकरण कमलादी काठमाण्डौ र यस गोलन्जोर गाउँपालिका, ग्वालटार सिन्धुली विच मिति २०७८/०२/१३ गते समझदारी-पत्रमा हस्ताक्षर गरी भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरूका सबै स्थानिय तहको कार्यालयहरू, वडा कार्यालयहरू, सामुदायिक माध्यमिक विद्यालयहरू, सामुदायिक स्वास्थ्य संस्थाहरूमा क्षमाता अभिवृद्धि गर्न तथा सामुदायिक आधारभूत विद्यालयहरूमा कम्तिमा २० एमबिपिएस क्षमताको नन्-डेडिकेटेड ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान गरी असिकल फाईवर केवल, ओएन्यु एण्ड राउटर डिभाईजेस र २ वर्ष सम्म महशुल बापतको रकम सम्वन्धित निकायले खर्च व्यहोर्ने र विद्युत विस्तार नभएको स्थानमा ईन्टरनेट विस्तार गर्न पोल व्यवस्थापन सम्बन्धमा समझदारी-पत्रको (ख) दफा ५ बमोजिम पोल तथा अन्य व्यवस्थापन खर्च गाउँपालिकाले व्यहोर्ने भनि लेखिएकोले कार्यक्रम कार्यान्वयको लागि ईन्टरनेट सेवा प्रदायक

संस्थासँग पोल खरिद जडान तथा व्यवस्थापनको लागि अनुरोध गर्ने निर्णय गरियो । साथै कार्यक्रम कार्यान्वयको लागि श्रोत सुनिश्चित सम्बन्धि व्यवस्थाको विवरण तपशिल बमोजिम भएको समेत निर्णय गरियो ।

**तपसिलः**

| सि.नं | खर्च शिर्षक | इकाई | परिमाण | दर रु. | रकम | श्रोत व्यहोर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सेवा प्रदायकहरुबाट प्रकाशित गरिएको महशुल दरको आधारमा लिई र वर्षको लागि महशुल र जडान खर्च बापत प्रति साईट औसत | एकपटक | ८० वटा संस्था | २६२८१ (सम्झौतामा उल्लेख भएको) | २१०२४८० | नेपाल दूरसञ्चार प्राधिकरणबाट | गाउँ पार्श्व चित्रबाट साभार गरिएको सूचना (८०) |
| २ | अप्टिकल फाईबर (12 Core) तथा सो बिस्तार गर्न लाग्ने ज्याला समेत गरी प्रति मिटर | मिटर | १६८ कि.मि (१६८००० मि) | ७०/मि (सम्झौतामा उल्लेख भएको) | ११७६०००० | नेपाल दूरसञ्चार प्राधिकरणबाट | गुगल अर्थ म्यापिङ्ग सर्भे सूचना |
| ३ | विद्युत विस्तार नभएको स्थानमा ईन्टरनेट विस्तार गर्न पोल वा सोको भाडा | थान | २०० | १०००० | २०००००० | सम्बन्धित सेवा प्रदायक संस्थाबाट | गुगल अर्थ म्यापिङ्ग सर्भे सूचना |
| ४. | अन्य खर्च | नियमित | | | ३००००० | गाउँपालिकाबाट | विविध व्यवस्थापन |
| ५. | जम्मा | | | | १६१६२४८० | | |

निर्णय नं ५ माथि छलफल गर्दा गोलन्जोर गाउँपालिकाको उपभोक्ता समिति गठन सम्वन्धी कार्यविधि २०७४ लाई समानुकुल संसोधन गर्नु पर्ने महशुस भई सो कार्यविधि २०७४ को प्रथम संसोधन आज बसेको कार्यपालिका बैठकबाट स्वीकृती गरी आगामी दिनमा सोहि स्वीकृत कार्यबिधि अनुरुप आयोजना, कार्यक्रम तथा अन्य प्रावधानको कार्यान्वियन गर्ने समेत निर्णय गरियो ।

निर्णय नं ६ माथि छलफल गर्दा गोलन्जोर गाउँपालिकाको आ.व. २०७८/०७९ मा निर्माण समाग्री, ज्याला र अन्य वस्तु तथा सेवाहरुको स्थानीय दर रेट तथा ज्याला सम्वन्धमा कार्यापालिकमा छलफल गरी गाउँपालिकाले तयार गरेको गोलन्जोर गाउँपालिकाको स्थानीय ज्याला दर रेट स्वीकृती गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं ७ : माथि छलफल गर्दा आ.व. २०७८/०७९ को वजेट नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न वार्षिक खरिद योजना तथा चौमासिक र वार्षिक कार्यक्रम कार्यान्वयन तालिका अनुसार सम्पन्न गर्न मिति २०७८ साल भाद्र मसान्त "गोलन्जोर गाउँपालिकाको उपभोक्ता समिति गठन सम्वन्धी कार्यविधि २०७४ (प्रथम संसोधन) अनुसार गठन गर्ने निर्णय गरियो ।

निर्णय नं ८: माथि छलफल गर्दा यस गाउँपालिकाले आ.व. २०७८/०७९ मा आयोजना गर्ने कार्यशाला, तालिम, गोष्ठी, सेमिनार तथा कार्यक्रममा प्रशिक्षक, सहभागी आदिलाई पारिश्रमिक तथा यातायात खर्च साथै चिया, नास्ता, खाना, स्टेशनरी आदिको अधिक्तम दर तपसिल अनुसार हुने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | विवरण | अधिकतम दर रु. (कर सहित) | कैफियत |
|---|---|---|---|
| १ | सहजकर्ता पारिश्रमिक प्रति कक्षा | (अधिकृतस्तर रु. २,०००।-)<br>(सहायक स्तर रु. १७००।-) | १ देखि १.५० घण्टा सम्मको सेसन (प्रतिदिन बढीमा ३ सेसन) |
| २ | कार्यपत्र बापत प्रति कक्षा | रु. ५००।- | प्रति सेसन (प्रतिदिन बढीमा ३ सेसन) |
| ३ | चिया, खाजा र नास्ता प्रति दिन | रु. २००।- सम्म | प्रति दिन |
| ४ | सहभागी स्टेशनरी प्रति कार्यक्रम | रु. १५०।- | एक पटक |

| | | | |
|---|---|---|---|
| ५ | सहभागी तालिम भत्ता प्रति दिन | रु. ३००।- | प्रतिदिन |
| ६ | प्रतिवेदन प्रति कार्यक्रम | रु. १,०००।- | एक वटा/पटक |
| ७ | सहभागी खाना खर्च | रु. ३००।- सम्म | प्रति छाक |
| ८ | सहभागी गाडी भाडा प्रति दिन | प्रचलित भाडा दर अनुसार | आउँदा र जाँदा |
| ९ | सहजकर्ता दै.भ्र.भ. प्रति दिन | प्रचलित दै.भ्र.भ. नियमावली अनुसार | तालिम, गोष्ठी र संचालन स्थल सम्म जाँदा |
| १० | अनुगमन प्रति कार्यक्रम/योजना अनुगमन वापत भत्ता (गा.पा स्तरिय अनुगमन समितिका पदाधिकारी तथा सदस्यहरु । | गा.पा. अध्यक्ष , गा.पा. उपाध्यक्ष, कार्यपालिका सदस्य, अधिकृतस्तर कर्मचारी रु. १,०००।-<br>अन्य रु.७००।- | प्रतिदिन |
| ११ | तालिम संयोजक प्रति कार्यक्रम | रु. १,५००। | प्रतिदिन |
| १२ | कार्यालय सहयोगी प्रति दिन | रु. ५००। | प्रतिदिन/ आवश्यकता अनुसार |
| १३ | कार्यक्रम ब्यानर | रु. १०००।- | प्रति कार्यक्रम |
| १४ | अनुगमनकर्ता/कार्यक्रम | रु.२०००।- | प्रति दिन |
| गा.पा बाहिरका प्रशिक्षक भए आते जाते यातायात खर्च प्रचलित सार्वजनिक भाडा दर बमोजिम उपलब्ध गराईने छ । | | | |
| १५ | अतिथि सत्कार उपाध्यक्ष | रु. २०,०००।- | प्रति महिना |
| १६ | अतिथि सत्कार अध्यक्ष | रु. १,००,०००।- | प्रति महिना |
| १७ | अतिथि सत्कार कार्यालय | रु. २५,०००।- | प्रति महिना |
| १८ | गाउँपालिका अन्तर्गत सबै वडा कार्यालयहरुमा विविध खर्च वापत | रु. १५०००।- | प्रति महिना |
| अन्य वैदेशिक निकायले आयोजना गरेको हकमा आपसी साझेदारी तथा सम्झौता अनुसार तय गरिनेछ। | | | |
| माथि उल्लेखित नर्मसको आधारमा पर्याप्त मितव्ययीता अपनाउनु पर्नेछ। | | | |
| बाह्य विज्ञ सहजकर्ताको पारिश्रमिक र अन्य सुविधाको हकमा आपसी सम्झौताको आधारमा तय गर्न सकिनेछ। | | | |

निर्णय नं ९. माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्यक स्थानीय तहले मासिक बैठक अनिवार्य बस्नु पर्ने व्यवस्था तथा स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन कार्यविधि अनुसार स्व-मुल्याङ्न समेत हुने भएकोले यस गाउँ कार्यपालिकाको बैठक प्रत्येक महिनाको १५ गते बस्ने निर्णय गरियो ।

निर्णय नं १०:माथि छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं ७ साविक भिमेश्वर ७ बस्ने खड्ग बहादुर दर्लामीको छोरा सुर्य बहादुर दर्लामीको किड्नी र कलेजो सम्बन्धी बिमारी भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले यस गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रु .५००००।- रकम दिने निर्णय गरियो ।

निर्णय नं ११ : यस गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुमा कार्यरत तपशीलका दरबन्दी/राहत अनुदानमा कार्यरत शिक्षकहरु तथा रिक्त दरबन्दी/अनुदानलाई विद्यार्थी सङ्ख्या तथा विद्यालयको आवश्यकताका आधारमा व्यवस्थापन गर्न आवश्यक देखिएकाले कार्यरत शिक्षकको हकमा कामकाज गर्न खटिएकै विद्यालयबाट तलब भत्ता भुक्तानी हुने तथा रिक्त पदको हकमा व्यवस्थापन गरिएकै विद्यालयले विज्ञापन गरी नियमानुसार पदपूर्ति गर्ने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क.सं | हाल कार्यरत | | | | व्यवस्थापन हुने | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षकको नाम | तह।श्रेणी | प्रकार | विद्यालयको नाम | शिक्षकको नाम | तह।श्रेणी | प्रकार | विद्यालयको नाम | |
| १ | गोविन्द हरी बराल | प्राशि तृतीय | दरबन्दी | शारदा मावि वेखटाँडी | रिक्त रहेको | प्रावि शितृ | दरबन्दी | कालिका प्रावि जुकेपानी | रामलाल नेपाली को मृत्यु पछि रिक्त रहेको दरबन्दि |
| २ | रामलाल नेपालीको मृत्यु पछि रिक्त | प्राशि | दरबन्दी | कालिका प्रावि जुकेपानी | रिक्त रहेको | प्राविशितृ | दरबन्दी | शारदा मावि वेखटाँडी | रिक्त दरबन्दी हाललाई सारी फरफारक गर्ने कामकाज गर्ने |
| ३ | विनिता | प्राशि | दरबन्दी | शारदा मावि | विनिता | प्रावि | दरबन्दी | कौशिका मावि | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | खनिबङ्गा | तृतीय | | बेखटाङा | खनिबङा | शित् | | खेलटार | खटाइएको |
| ४ | चुडानाथ पौडेल | प्राशि तृतीय | दरबन्दी | प्रावि टवाङ्गटवाङे | चुडा नाथ पौडेल | प्राविशित् | दरबन्दि | शारदा मावि बेखटाँडी | कामकाज गर्न खटाइएको |
| ५ | रेणुका कुमारी ढुङ्गेल | प्राशि तृतीय | राहत | पन्चवती आवि तिनघेडाँडा । | रेणुका कुमारी ढुङ्गेल | प्राविशित् | राहत | कल्याण प्रावि हैवारबेंसी | कामकाज गर्न खटाइएको |
| ६ | गिरेन्द्र टकुरी | प्राशि तृतीय | दरबन्दी | वत्सला मावि दिङदिङ किराँते | गिरेन्द्र टकुरी | प्राशि तृतीय | दरबन्दी | जनता मावि खनियाखर्क | कामकाज गर्न खटाइएको |
| ७ | संजय कुमार साह | निमाशि तृतीय | दरबन्दी | मंगला मावि घोक्सिला | संजय कुमार साह | निमाशि तृतीय | दरबन्दी | जनता मावि खनियाखर्क | कामकाज गर्न खटाइएको |
| ८ | विकास मैनालीको सरुवाबाट रिक्त व्यवस्थापन गरिएको दरबन्दी | निमाशि | दरबन्दी | जनता मावि खनियाखर्क | रिक्त | निमाशि | दरबन्दी | मगला मावि घोक्सिला | रिक्त दरबन्दी हाललाई सारी पदपूर्ति गर्ने |

साथै यस अघिका विभिन्न मितिका कार्यापालिका बैटक निर्णय बमोजिम विभिन्न विद्यालयहरुमा कामकाज गर्ने गरी व्यवस्थापन गरिएका विभिन्न तहका स्थायी शिक्षकहरुलाई सोही विद्यालयमा समान तह,श्रेणी र विषयको शिक्षक पदमा पदस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ११: आ व २०७७।०७८ मा संघीय सरकारबाट वित्तीय हस्तान्तरण भई आएको एउटा मात्र वा एउटा पनि दरबन्दी वा राहत अनुदान नपाएका आधारभूत र माध्यमिक विद्यायहरुको लागि शिक्षण सहयोग अनुदान तपशीलका विद्यालयहरुमा वितरण गर्ने निर्णय गरियो ।

| क्रस | विद्यालयको नाम | ठेगाना | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाल मावि शुलीभन्ज्याङ | गोलन्जोर ३ | माशि | १ | |
| २ | वत्सला मावि दिङदिङ किराँते | गोलन्जोर ४ | माशि | २ | |
| ३ | मंगला मावि घोक्सिला | गोलन्जोर ६ | माशि | १ | |
| ४ | बाल आवि ढुङ्ग्रे | गोलन्जोर ४ | आधारभूत | १ | |
| ५ | पञ्चवती आवि तिनघरेडाँडा | गोलन्जोर ४ | आधारभूत | १ | |
| ६ | विन्देश्वरी आवि ज्यामिरे | गोलन्जोर १ | आधारभूत | १ | |

निर्णय नं १३ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं ५ छब्बिस देखि वडा कार्यालय हुँदै भक्तिराम हैवार गाउँ कालढुङ्गा मध्यपाहाडी सडक कालोपत्रेको अभावमा बेला बेलामा भुक्षय तथा बाढी पहिरो वर्षातले आवतजावतमा समेत समस्या भएको हुँदा उक्त सडकको आज बसेको कार्यापालिका बैठकबाट डि.पि.आर स्वीकृत गरी रु.२८,२१,०७,३९१.८१।- रकम राष्ट्रिय योजना आयोग, काठमाण्डौंमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं १४ : माथि छलफल गर्दा विभिन्न मितिमा आ.व. २०७७/०७८ मा योजना अनुगमन भत्ता, पदाधिकारी बैटक भत्ता, कर्मचारी बैठक भत्ता , अनुगमन मुल्याङ्कन खर्च,प्राविधिक खर्च भत्ता लगायत राताटार वतासे सडक वडा नं ७ लाई रु.५२७७००।-, घट्टेकुलो हागे सिँचाई आयोजना उ.स वडा नं ७ लाई रु.९५९१७७।- र राताटार बाख्रा फर्म वडा नं ७ लाई रु.११७८०००।- योजना तथा अनुदानलाई दिइएको भुक्तानि, विभिन्न पत्रपत्रिका , एफ एम रेडियो तथा मिडियाहरुलाई सूचना प्रकाशन वापतको रकम लगायतलाई कन्टिन्जेन्शि र विभिन्न योजनाहरुबाट बचत रकमबाट गरिएको भुक्तानि सहित प्रकोप व्यवस्थापन तथा विभिन्न कोष तथा खर्च खाताबाट गरिएको भुक्तानि स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

कन्टिन्जेन्शि र विभिन्न योजनाहरुबाट बचत रकमबाट गरिएको भुक्तानि सहित प्रकोप व्यवस्थापन तथा विभिन्न कोष तथा खर्च खाताबाट गरिएको भुक्तानि स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं १५ : माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका सबै वडा कार्यलयहरुमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता र राजश्व लागयतका सम्पुर्ण कार्य सूचना प्रविधि, सफ्टवेयर र वेव वेस मार्फत सञ्चालन गर्नु पर्ने भएकोले वडा कार्यालयहरुमा भएका वडा सचिव कर्मचारी स्थायी हुने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं १६:माथि छलफल गर्दा यस गाउँपालिका वडा नं ३ पाल्ले २०७२ को भुकम्प पश्चात वस्ती जोखिममा भएकोले सो वस्ती स्थानान्तरण गरी व्यवस्थापन गर्न सोहि वडाको च्याङलुङमा वस्ती स्थानान्तरण गर्न लाग्ने रकम गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १७ : माथि छलफल गर्दा यस गाउँपालिकामा आ.व. २०७८/०७९ मा तोकिएको राजश्व लक्ष्य अनुसार राजश्व संकल गर्नुपर्ने अन्यथा योजना तथा कार्यक्रम कार्यान्वयन गर्न समेत कठिन हुने हुनाले सोको लागि यस गाउँपालिकाले राजश्व सुधार कार्य योजना र आर्थिक ऐन २०७८ बमोजिम दर रेट अनलाईन प्रणालीमा प्रविष्ट गरिसकेको हुनाले यस आ.व. २०७७/०७८ बाट राजश्वलाई संकलन गर्न सबै वडा सचिव र कम्प्युटर अपरेटरहरुलाई कम्पयुटर तथा प्रिन्टर उपकरणको व्यवस्था समेत भइसकेको हुनाले राजश्व सम्वन्धि तालिम प्रदान गरी सबै वडाहरुमा नगद तथा सम्पति करको प्रयोजनार्थ वेव वेस राजश्व प्रणाली प्रयोग गरी राजश्व सुधार गर्न पहल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १८: माथि छलफल गर्दा यस गाउँपालिका वडा नं १ मा रहेको कामदा मावि डुँडभन्ज्याङ्ग मा रहेको मावि अङ्ग्रेजी राहत कोटालाई वडा नं २ को बाल मावि सुलिभन्ज्याङ्गमा राहत दरवन्दि कायम गरी वडा नं १ कामदा माविमा गाउँपालिका अनुदानको एक अङ्ग्रेजी शिक्षक व्यवस्था गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १९: माथि छलफल गर्दा कोभिड १९ को संक्रमण तिव्र रुपले बढ्दै गएकोले कोभिड -१९ को रोकथाम न्युनिकरण तथा रोकथाम सम्वन्धमा अर्को व्यवस्था नभएसम्म तपसिलको कोभिडकेश ईन्भेष्टिगेशन कन्टयाक्ट ट्रेसिङ्ग टिम गठन गरी गाउँपालिका क्षेत्र भित्र २४ सैं घण्टा खटिई कोभिड संक्रमण भएको स्थानमा प्रभावकारी रुपले आकस्मिक सेवा प्रदान गर्न मिति २०७८ साल श्रावण २५ गते देखि परिचालन गर्ने निर्णय गरियो ।

तपसिलः

- श्री तारा कुमार श्रेष्ठ - संयोजक
- श्री विनिता राई- ल्याव असिसटेन्ट
- श्री रुषा खड्का- अ.न.मी
- श्री पदम श्रेष्ठ - का.स.
- सवारी चालक -अन्य १ जना

र

एम्वुलेन्स र एम्वुलेन्स चालक श्री चाँद बहादुर थापा तयारी अवस्थामा रहने ।

प्रस्ताव नं २० माथि छलफल गर्दा गोलन्जोर गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई वडा कार्यालयहरुमा दरवन्दी तेरिज अनुसार पदस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २१ माथि छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं ३ ग्वालटारमा पर्ने रिङ्गरोडको डि.पि.आर को लागि लाग्ने खर्च पूर्वाधार विकास तर्फको पुँजिगत सुधार कार्यक्रमबाट व्ययभार हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

२०।१०

निर्णय नं २२ यस गाउँपालिकाले वडा नं ७ मा स्थापना भै संचालन हुने श्री गोलन्जोर कन्ष्ट्रक्सन प्रा लि ले कम्पनी दर्ता गरि स्थायी लेखा नम्वर सहित भ्याटमा समेत दर्ता भएकोले सो कम्पनीलाई यस गाउँपालिकाको निर्माण भएको घ वर्गको ईजजात सम्बन्धि कार्यविधि २०७७ बमोजिमको प्रकृया पुरा गरि (घ) वर्गको निर्माण व्यवसाय ईजजात प्रदान गर्ने निर्णय गरियो ।

# गोलन्जोर गाँउपालिकाको युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७७

## परिच्छेद १

प्रारम्भिकमा दफा २ को त,थ,द,ध र न थप गरि व्यवसायको परिभाषा र प्रकार विस्तृत वर्गिकरण थप गरिएको छ।

त) व्यवसाय भन्नाले नाफा कमाउने उद्येश्यले गरिने कुनै पनि कार्यलाई सम्झनु पर्दछ ।

थ) व्यवसायको प्रकार भन्नाले अद्यौगिक व्यसाय ऐन २०७६ बमोजिम परिभाषित व्यवसायलाई सम्झनु पर्दछ ।

द) विस्तृत वर्गिकरण भन्नाले यस कार्यविधिले भिन्न भिन्न व्यवसायको लागि तोकिएको परिमाण सम्झनु पर्द्दछ ।

ध) उद्यम भन्नाले औद्योगिक व्यवसाय ऐन २०७६ बमोजिम लगानिको आधारमा तपशिल बमोजिम हुने छ ।

१) घरेलु उद्यम सिप र प्रविधिमा आधारित

२) लधुउद्यम २० लाख सम्म पुंजी भएको

३) साना उद्योग १५ करोड सम्म पुंजी भएको

४) मझौता उद्योग १५ करोड देखि ५० करोड सम्म पुंजी भएको

५) ठुला उद्योग ५० करोड भन्दा माथि पुंजी भएको

**न) उत्पादनको आधारमा उद्यमको वर्गिकरण**

१. उर्जामुलक उद्योग

२. उन्पादनमुलक उद्योग

३. वन तथा पैदावारमा आधारित उद्योग

४. खनिज उद्योग

५. पूर्वाधार उद्योग

६. सुचना प्रविधि,सन्चार प्रविधि तथा सुचना प्रसारण प्रविधिमा आधारित उद्योग

७.सेवामुलक उद्योग

## परिच्छेद ६

### प्रविधि हस्तान्तरण र सहजीकरण अनुदान तथा ऋण व्यवस्था

दफा १७ मा भएको व्यवस्थामा केहि संसाधन गर्नुपर्ने भएकोले तपशिलका प्रावधान थप गरिएको छ ।

ड) बाखा पालनः बाखा पालन गर्ने उद्यमीहरुलाई सुधारिएको खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा प्रति माउ रु. १०००० का दरले अनुदान प्रदान गरिने छ ।

च) गाई भैसि पालनः गाई भैसि पालन गर्ने उद्यमीहरुलाई गोठ निर्माण तथा सुधारका लागि गाई भैसि संख्याको आधारमा प्रति गाई भैसि रु. १०००० का दरले अनुदान प्रदान गरिने छ ।

छ) कुखुरा पालनः लोकल कुखुरा पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा प्रति माउ रु. ४००० का दरले र लटमा पाल्नेको हकमा वा ब्रोइलरको हकमा प्रति चल्ला रु. १०० अनुदान प्रदान गरिने छ ।

ज) टर्कि पालनः टर्कि पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा प्रति माउ रु. ५००० का दरले र लटमा पाल्नेको हकमा प्रति चल्ला रु. २०० अनुदान प्रदान गरिने छ ।

झ) वंगुर पालनः वंगुर पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा प्रति माउ रु. ८००० का दरले अनुदान प्रदान गरिने छ ।

ञ) तरकारी खेतीः तरकारी खेती गर्ने उद्यमीहरुलाई तरकारीको विऊविजन तथा मलखाद खरिदका लागि जग्गाको क्षेत्रफलको आधारमा प्रति कठ्ठा रु. १५,००० का दरले अनुदान प्रदान गरिने छ ।

ट) फलफुल खेतीः फलफुल खेती गर्ने उद्यमीहरुलाई फलफुलको विरुवा, मलखाद ख़रिद तथा व्यवस्थापनका लागि फलफुलको संख्याको आधारमा प्रति बोट रु. ३०० का दरले अनुदान प्रदान गरिने छ ।

ठ) खाद्यान्न बाली विऊ उत्पादनः खाद्यान्न बाली बिऊ उत्पादन खेती गर्ने उद्यमीहरुलाई मुल विऊ, मलखाद खरिद तथा व्यवस्थापनको लागि लागि जग्गाको क्षेत्रफलको आधारमा प्रति कठ्ठा रु. १००० का दरले अनुदान प्रदान गरिने छ ।

ड) माछा पालनः माछा पालन गर्ने उद्यमीहरुलाई तलाउ निर्माण तथा मर्मत संभार, माछाको भुरा र दाना खरिदका लागि लागि तलाउको क्षेत्रफलको आधारमा प्रति कठ्ठा रु. २०००० का दरले अनुदान प्रदान गरिने छ ।

ढ) यहाँ उल्लेख नभएका अन्य रैथाने तथा नगदेबालीको हकमा संभावनाको आधारमा कार्यक्रम अनुगमन तथा व्यवस्थापन समितिले निर्धारण गर्नेछ ।

ण) प्रति युवा उद्यमी अनुदान रकम अधिकतम रु. ४०००० सम्म प्रदान गरिने छ। थप व्यवसाय विस्तारका लागि व्यवसायिक योजना अनुसार सुलभ कर्जा प्राप्तीका लागि सहजीकरण गरिने छ।

## परिच्छेद ५
## सम्झौता, भुक्तानी, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

४. सम्झौता: युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको सम्झौता आवेदन छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम परिच्छेद ३ को कार्यक्रम स्थापना र कार्यक्रम संचालन सम्वन्धि दफा ७ को उपदफा २ क अनुसारको नीति अनुसार प्रमुख प्रशासकिय अधिकृतले तोकिएको ढाँचामा कार्यक्रम सम्झौता तथा भुक्तानी गर्नु पर्नेछ। साझेदार संस्थाको हकमा सम्बन्धित संस्थाको सञ्चालक समितिको निर्णय बमोजिम प्रशासन प्रमुखले गर्नु पर्नेछ।

५ भुक्तानी: युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको सम्झौता भए पश्चात् अनुदान ग्राहीहरुलाई सम्झौता वमोजिमको रकम एकमुष्ठ वा किस्ता वन्दिमा चेक मार्फत भुक्तानी गर्नु पर्नेछ।

६ प्रतिवेदन: युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको प्रगति प्रतिवेदन बमोजिमको ढाँचामा कार्य सम्पन्न भए पश्चात पेश गर्नुपर्नेछ।

७ अनुगमन तथा मूल्यांकन: युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको अनुगमन तथा मूल्यांकन आवश्यकता अनुसार वडा कार्यालय र कार्यक्रम अनुगमन तथा समन्वय समिति मार्फत गरिने छ।

**अनुसूची ३**

**परिच्छेद ११ को दफा ३१ सँग सम्वन्धित**

गोलन्जोर गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय,ग्वाल्टार

बागमती प्रदेश

**युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी युवा उद्यमीको प्रगति प्रतिवेदनको ढाँचा**

१. परिचयात्मक विवरण

| | |
|---|---|
| उद्यमीको नाम: | |
| ठेगाना: | |
| फोन नं.: | |
| नागरिकता नं.: | |
| पान नं.: | |

२. व्यवसायको नाम:

३. कार्यक्रमबाट लाभान्वित परिवार संख्या: महिला: पुरुष:

४. कार्यान्वयन विधि:

५. क्रियाकलाप:

६. कार्यक्रम सञ्चालन गर्दाको खर्च विवरण

| क्र.सं. | कृयाकलाप | परिमारण | दर | जम्मा खर्च रकम | गाँउपालिका सहयोग | स्वयं लगानी |
|---|---|---|---|---|---|---|
| १ | खोर गोठ सुधार | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| | जम्मा रकम | | | | | |

७. कार्यक्रमको अनुगमन:

## अनुसूची ४

**परिच्छेद ७ को दफा २० सग सम्बन्धित**

गोलन्जोर गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय,ग्वाल्टार

बागमती प्रदेश

**युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागि हुन इच्छुक युवा वीचको सम्झौता पत्रको ढाँचा**

......................................गाँउपालिका, ..............................(यस पछि प्रथम पक्ष भनिने) र ...........................................................................(यस पछि दोस्रो पक्ष भनिने) विच व्यवसाय परिमाणको आधारमा अनुदान कार्यक्रम ( वाखा/दुध/कुखुरा/तरकारी/बंगुर/माछा) मा तपसिलका सर्तहरु पालन गर्ने गराउने गरी यो द्धिपक्षीय सम्झौता गरिएको छ ।

तपसिल:

**सम्झौताका शर्तहरुः**

१. गाँउपालिका मार्फत युवा उद्यमीहरुले ...................... व्यवसाय प्रवर्द्धन गर्नका लागि रु ............ (अक्षरुपी: .................. मात्र) प्रदान गर्नु पर्नेछ ।

२. गाँउपालिकाले युवा उद्यमीहरुलाई व्यवसाय विकासको लागि आवश्यक प्राविधिक सहयोग प्रदान गर्नु पर्नेछ ।

३. गाँउपालिकाले उद्यमी सदस्यलाई आवश्यक तालिमहरु (उद्यमशिलता विकास, व्यवसायिक) प्रदान गर्नु पर्नेछ ।

४. गाँउपालिकाले युवा उद्यमीलाई व्यवसाय विस्तार गर्नका लागि आवश्यक रकम सहुलियत कर्जाकोरुपमा परिचालन गर्नका लागि वित्तिय निकायहरु सँग सहजीकरण गर्नेछ ।

५. युवा उद्यमी सदस्यले सहयोग रकम प्राप्त गरेको ३० दिन भित्रमा योजना गरे अनुसारको व्यवसाय शुरुवात गरि सक्नु पर्नेछ । उद्यमीले सञ्चालन गर्ने व्यवसायको न्यूनतम मापदण्ड तयार गरी यसै सम्झौता साथ संलग्न गरिएको छ ।

६. गाँउपालिका बाट अनुगमन गर्दा व्यवसाय शुरुवात नगरिएको वा मापदण्ड पुरा नभएको पाइएमा सहयोग प्राप्त रकम तुरुन्त फिर्ता गर्नु पर्नेछ ।

७. युवा उद्यमी समुहमा आवद्ध हुनु पर्नेछ । आफ्नो उत्पादन समुह वा सहकारी मार्फत सामुहिक वजारीकरण गर्नु पर्नेछ ।

८. गाँउपालिकाले युवा उद्यमीहरुको व्यवसाय प्रवर्द्धनका लागि अभिभावकिय भूमिका निर्वाह गर्नु पर्नेछ ।

७. गाँउपालिकाले मापदण्ड अनुसारको व्यवसाय सञ्चालनको सुनिश्चितता गर्न नियमितरुपमा अनुगमन गरी आवश्यक सल्लाह सुझाव प्रदान गर्नु पर्नेछ ।

| दोस्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम : |
| पद : | पद: |
| संस्था: | कार्यालय: |

रोहवर

| | |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| संस्था: | कार्यालय: |

इति सम्वत..................साल................महिना....................गते रोज..............शुभम् ।

नोट : द्विपक्षीय सम्झौता हुँदाका बखत माथिका बुँदाहरुमा थपघट गर्न सकिनेछ र पालिकाको साझेदारीमा अन्य संस्थाले कार्यक्रम सञ्चालन गरेमा त्रिपक्षिय सम्झौता गरिने छ ।

**अनुसूची ५**

**परिच्छेद १ को दफा २ को (त) सग सम्वन्धित**

गोलन्जोर गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय,ग्वाल्टार

बागमती प्रदेश

**कृषि तथा पशुवस्तुमा आधारित लघु, साना, मझौला र ठुला उद्यम वर्गिकरणको विस्तृत विवरण**

| क्र.सं. | वालि तथा पशुवस्तु | लघु उद्यम | साना उद्यम | मझौला उद्यम | ठुला उद्यम |
|---|---|---|---|---|---|
| १ | बाखा पालन | ३ देखि १० माउ सम्म | ११ देखि २०० माउ सम्म | २०१ देखि ८००माउ सम्म | ८०१ माउ भन्दा वढी |
| २ | गाई भैसि पालन | ३ वटा दुधालु गाई भैसि सम्म | ४ देखि ४०० दुधालु गाई भैसि सम्म | ४०१ देखि ६००दुधालु गाई भैसि सम्म | ६०१ भन्दा वढी दुधालु गाई भैसि |
| ३ | वंगुर पालन | २ देखि १५ माउ सम्म | १६देखि ५०० माउ सम्म | ५०१ देखि ८०० माउ सम्म | ८०१ माउ भन्दा वढी |
| ४ | लोकल कुखुरा पालन | ५० देखि ८५माउ सम्म | ८६ देखि १५०० माउ सम्म | १५०१ देखि २५०० माउ सम्म | २५०१ माउ भन्दा वढी |
| ५ | तरकारी खेती | १ देखि २ रोपनी सम्म | ३ देखि १० रोपनी सम्म | ११ देखि १८रोपनी सम्म | १९ रोपनी भन्दा वढी |
| ६ | माछा पालन | १० आना देखि १ रोपनी सम्म | २ रोपनी देखि ८ रोपनी सम्म | ९देखि १५ रोपनी सम्म | १६ रोपनी भन्दा वढी |
| ७ | अन्य | १ रोपनी | ७ रोपनी | ११रोपनी | १२ रोपनी देखि माथि रोपनी |

## अनुसूची ५

परिच्छेद ५ को दफा १२ को १ सग सम्बन्धित

गोलन्जोर गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, ग्वालटार

बागमती प्रदेश

**युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरुको लागि आवेदन फारमको ढाँचा**

युवा उद्यमशीलता विकास अनुदान कार्यक्रममा सहभागिताका लागि

**आवेदन फारम २०७८**

| | | | |
|---|---|---|---|
| आवेदकको नाम | | | |
| स्थायी ठेगाना | | | |
| गाउँ टोल | | | |
| जन्म मिति | | | |
| नागरिकता नं. र जारी गर्ने जिल्ला | | | |
| मूख्य पेशा | | | |
| परिवार संख्या: | महिला: | पुरुष: | बालबालिका: |
| मूख्य पेशा | | | |
| बैदेशिक रोजगारबाट फर्केको भए सोको विवरण | कुन देशबाट कति समय सम्म के काम गरेर फर्कनु भएको हो? खुलाउने । | | |
| फोन नं. | | | |

**हाल गरिरहेको कामको बिवरण:**

| **विवरण** | **मूख्य बाली/वस्तु/पंक्षी** | **क्षेत्रफल** | **सरदर वार्षिक उत्पादन** |
|---|---|---|---|
| **कृषि** | | | |
| | | | |
| **पशु** | | | |
| | | | |
| **पंक्षी** | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| अन्य | | | |
| | | | |

कृषि तथा पशुपंक्षी उत्पादनको प्रसोधन तथा बजारीकरण संग सम्बन्धित लघुउद्यम भए त्यसका बिवरण:

.................................................................................................................................................

.................................................................................................................................................

........................

भावी योजना र प्रतिवद्धता

| क.सं. | कृयाकलाप (के गर्ने) | संख्या/क्षमता (कति गर्ने) | वार्षिक उत्पादन लक्ष्य | उद्यम सञ्चालनका लागि परियोजनाबाट अपेक्षा गर्नु भएको न्यूनतम सहयोग |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आवेदन पेश गर्ने

हस्ताक्षर:.................................................

नाम:.......................................................

ठेगाना:....................................................

सम्पर्क नं.................................................